**बैठक संख्याः २७**

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको २०७७।०२।१६ गते शुक्रबार विहानको ११.०० बजे बसेको बैठकका निर्णयः-

१. नेपाल सरकारले संघीय संसद समक्ष प्रस्तुत गरेको आर्थिक वर्ष २०७४/७५ को यस समितिसँग सम्बन्धित प्रतिवेदन लगायतका विषयमा समितिको सचिवालयले तयार पारेको मस्यौदा प्रतिवेदनमा उल्लिखित विषयबस्तुलाई सघनरुपमा गहनता दिई भाषागत शिष्टता कायम गरी सरलीकृत भाषामा मस्यौदालाई अन्तिम रुप दिने गरी प्रतिवेदन पारित गरियो ।

२. नेपालको दार्चुला जिल्लाको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रलाई समेटी नेपालको नक्सा प्रकाशन गरेकोमा नेपाल सरकारलाई धन्यवाद दिने ।

३. नोवल कोरोना भाइरस (कोभिड-१९) को संक्रमणलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न नेपाल-भारत सीमा प्रवेश विन्दुमा आवश्यक सुरक्षाकर्मी र स्वास्थ्यकर्मी खटाउनुका साथै ती स्थानमा स्वास्थ्य उपकरणको व्यवस्था गरी नेपाल फर्कन चाहने नेपालीको स्वास्थ्य परीक्षण गर्न तथा संक्रमण बढीरहेका जिल्लामा स्वास्थ्यकर्मी, स्वास्थ्य उपकरण र स्वास्थ्य सामाग्री व्यवस्था गर्न एवम् सुरक्षा निकायलाई देशभर रहेका क्वारेन्टीन र आइसोलेनको व्यवस्थापनको जिम्मा दिन नेपाल सरकारलाई निर्देशन दिने ।

४. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो ।